दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक ३२९ | बुटवल | २०८२ मंसिर २३ गते, मंगलबार | नेपाल संवत ११४६ | Tuesday December 09, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१


# भन्सार एजेन्टको आन्दोलनले रोकियो राजस्व संकलन

**दैनिक ३३ करोड राजस्व संकलनको लक्ष्य पास भएको भैरहवा भन्सार कार्यालयमा भन्सार एजेन्टहरूको आन्दोलनका कारणले राजस्व संकलन नै भएको छैन। यसले भन्सार कार्यालयमा मात्रै नभई सिंगो देशको अर्थतन्त्रलाई प्रभाव पारेको छ।**





**मोहम्मद हबिब**
*भैरहवा*


दैनिक ३३ करोड राजस्व संकलनको लक्ष्य पास भएको भैरहवा भन्सार कार्यालयमा भन्सार एजेन्टका कार्मचारीहरु आन्दोलित बन्दा राजस्व संकलन नै प्रभावित बनेको छ। दैनिक ५-६ सय मालवाहक ट्रक भन्सार जाँचपास हुने गरेकोमा सोमबार ४ बजेसम्म एउटा पनि ट्रक भन्सार नभएपछि राजस्वमा असर परेको हो।

भन्सार ऐनको विरोधमा भन्सार एजेन्टहरुले काम नगर्दा भन्सार कार्यालयलाई मात्र नभई सिंगो देशकै अर्थतन्त्रमा समेत प्रभाव परेको छ। सोमबार बिहानैदेखि भन्सार जाँचपासका लागि एजेन्टहरुले माग नगर्दा यस्को असर राजस्व संकलनमा परेको हो।

शनिबारदेखि लागु भएको भन्सार ऐन २०८२ को दफा ७१ को (झ) मा घोषणाकर्ताले दफा २० को उप-दफा ३ बमोजिम विद्युतीय माध्यमबाट कम्प्युटर प्रणालीमा वस्तुको विवरण घोषणा गर्दा संलग्न गर्नुपर्ने कागजात फरक रुपमा संलग्न गरेमा त्यस्तो घोषणाकर्तालाई सो घोषणा बमोजिम लाग्ने भन्सार महसुलको दश प्रतिशत जरिवाना र लाग्ने महसुल असुल गरी त्यस्तो वस्तुको जाँचपास गर्ने उल्लेख भएपछि कर्मचारीहरु आन्दोलित भएका हुन्।

कम्प्युटरमा डाटा इन्ट्री गर्दा हुने सामान्य गल्तीलाई पनि जरीवाना तोकेकोलगायत अन्य केही विषय पनि जोडेर देशैभरीका भन्सार एजेन्टका कर्मचारीहरुले विरोध गर्दै काम ठप्प पारेका छन्।

सोमबार बिहानैदेखि भैरहवा भन्सार कार्यालयअन्तर्गत रहेका भन्सार एजेन्टहरुले काम ठप्प गरी कुनै पनि प्रज्ञापन कार्यालयमा नपठाई आन्दोलन गरिरहेका छन्। कम्प्युटरमा डाटा इन्ट्री गर्दा हुने सामान्य गल्तीमा पनि ठूलो जरीवाना तोकेकोले यसको प्रत्यक्ष मार एजेन्टमा नपरि कर्मचारीमा पर्ने हुँदा आन्दोलन गर्नुपरेको आन्दोलित कर्मचारीहरुले बताएका छन्।

भैरहवा भन्सार कार्यालय हुँदै दैनिक ६ सय हाराहारीमा प्रशज्ञापनबाट जाँचपास हुने गरेकोमा सोमबार साँझ ४ बजेसम्म सय जनाको मात्रै प्रज्ञापन आए पनि अन्य कागजात नआउँदा कुनै पनि कारोबार नभएको भैरहवा भन्सार कार्यालयका प्रमुख हरिहर पौडेलले जानकारी दिए।

उनले भने-'भन्सारको दैनिक लक्ष्य करिब ३३ करोड छ, आइतबार २७ करोड राजस्व संकलन भए पनि सोमबार ४ बजेसम्म कुनै पनि भन्सार जाँच पास नभएकोले राजस्व उठ्न सकेन। हाम्रो वार्षिक लक्ष्य सोंचेअनुसारको नउठे पनि यो महिनाको लक्ष्य करिब सरदरमा लक्ष्य अनुरुप रहेको छ। यो महिनाको लक्ष्य ८ अर्ब ५९ करोड रहेकोमा आइतबार सम्म ५ अर्ब १ करोड राजस्व संकलन भएको छ।'

घोषणा गर्दा गल्ती भएमा ऐनकै दफा २० मा जाँचपास गर्नुभन्दा अगावै सच्याउनु पर्ने व्यवस्था रहे पनि कर्मचारीहरुले सामान्य त्रुटीलाई जरिवाना नगर्न माग गरेको भन्सार प्रमुख पौडेलले बताए। भैरहवा भन्सार कार्यालयको यात्रु शाखाबाट भन्सार जाँच पास भएता पनि भित्रबाट जाँचपास भएको छैन। राजस्वमा योगदान गर्ने मुख्य बस्तुहरुको प्रज्ञापन भरे पनि जाँचपास भएको छैन।

शनिबारदेखि लागु भएको ऐनअनुसार वीरगंजमा आइतबार एक जनालाई यस दफाअनुसार जरिवाना भएपछि विरोध सुरु भएको हो। वीरंगजमा यो प्रकृतिको घटना भएपछि यहाँ पनि हुन सक्ने हुँदा सुधारका लागि अनुरोधार्थ काम नगरेको एजेन्ट कर्मचारीहरुको भनाइ छ। भैरहवा भन्सारमा भने आइतबार दफा ३३ को २ बमोजिमको एक जनालाई जरिवाना भएको थियो।

कर्मचारीहरुले काम गर्दा कहिलेकाही मानवीय त्रुटीले ठूलो जरिवाना हुँदा आयातकर्ता वा एजेन्टले नब्योहोर्ने हुँदा हामी कर्मचारीमाथि ठूलो आर्थिक असर पर्ने भएकोले यो व्यवस्थामा विचार गर्नुपर्ने बताए। आगामी दिनमा पनि समस्या पर्ने हुँदा यो निणर्य नै खारेज गर्नुपर्ने उनीहरुको माग छ।

विगत १५ वर्षदेखि एजेन्टको कर्मचारीको रुपमा काम गर्दै आएका राजु बस्नेतले पहिला सहज रुपमा भन्सार भएता पनि अहिलेको ऐनले ल्याएको जरिवानाका कारण व्यापारी मर्ने बताए। सरकारले पहिला मजदुरलाई पलायन गरे, त्यसपछि विद्यार्थी पलायन भए अब उद्योगी व्यवसायीलाई पलायन गर्ने मनसाय राखेको उनले जनाए।

जरिवाना गर्दा व्यवसायीले नतिरी १५ हजारको तलब खाने कर्मचारीको गल्ती भन्दै जरिवानाको भार बोकाउने भएकोले यहाँ सोमबार कसैले काम नगरेको बस्नेतको भनाइ छ। आज बैठक बस्ने कुरा छ, निर्णय के हुन्छ सम्बोधन नभएसम्म हामी काममा नफर्किने बताए।

## संसद विघटन बदर माग्दै कांग्रेसको सर्वोच्चमा रिट

बुटवल। प्रतिनिधसभा विघटनविरुद्ध सर्वोच्चमा गएको नेपाली कांग्रेसले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिएपछि सबैभन्दा ठूलो दलको नेतालाई प्रधानमन्त्री नियुक्त गरिनु नै संवैधानिक भएको, तर त्यसो नगरिएको जिकिर गरेको छ।

विघटित प्रतिनिधिसभामा नेपाली कांग्रेसका प्रमुख सचेतक रहेका श्यामकुमार घिमिरे, सचेतक सुशीला थिङ र अन्य केही सांसदका तर्फबाट वारेस रहेका श्रवणकुमार श्रेष्ठले आइतबार दर्ता गरेको रिट निवेदनमा त्यसविपरीत गएर संसदको दस्य नै नभएको व्यक्तिलाई प्रधानमन्त्री नियुक्त गरिनु संविधानविपरीत भएको समेत उल्लेख गरिएको छ।

त्यस्तै प्रतिनिधिसभा विघटनको निर्णय बदर गरी २०८२ भाद्र २४ गते गतेकै स्थिति कायम हुने गरी परमादेशको माग समेत गरिएको छ। 'नेपालको संविधानको धारा ७६(१) अनुसार राष्ट्रपतिले प्रतिनिधिसभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्नेछ, व्यवस्था रहेको र धारा ७६ (२) अनुसार प्रतिनिधिसभामा कुनै पनि दलको स्पष्ट बहुमत नभएको अवस्थामा प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलहरुको समर्थनमा बहुमत प्राप्त प्रतिनिधिसभाको सदस्य मात्र प्रधानमन्त्री नियुक्त हुन सक्ने बाध्यात्मक व्यवस्था रहेको छ,'

» *बाँकी ३ पेजमा*

## जित्छौं र सरकार बनाउँछौं : साम्पाङ

काठमाडौं। श्रम संस्कृति पार्टीका सभापति एवं धरान उप-महानगरपालिकाका मेयर हर्कराज राई (साम्पाङ) ले आफ्नै पार्टी चुनाव जित्ने र सरकार गठन गर्ने दाबी गरेका छन्। काठमाडौंको सिफलमा आयोजित सभालाई सम्बोधन गर्दै साम्पाङले यस्तो बताएका हुन्। उक्त कुरा आफूहरूले घोषणापत्रमा नै लेखेको साम्पाङको भनाइ छ।

'जेनजीको आन्दोलनमा भएको, तर नबोलिएको एउटा सत्य के हो भने हाम्रो विचार अनुसारको राज्य पनि हुनुपर्छ भन्ने हो। त्यसकारण हामीले घोषणापत्रमै लेखेका छौं,' साम्पाङले भने-'हामीले नै जित्छौं, कुनै शंका छ ? हामीले नै जित्छौं, हामीले नै सरकार गठन गर्छौं।'

आफूहरूको नेतृत्वको सरकारले जेनजीको माग सम्बोधन गर्न आयोग बनाउने पनि उनले बताए।

» *बाँकी ३ पेजमा*

## माग पूरा भएन भने चुनाव हुँदैन : प्रसाईं

बुटवल। नागरिक बचाउ दलका संरक्षक दुर्गा प्रसाईंले आफ्ना माग पूरा नभएमा चुनाव नहुने जिकिर गरेका छन्।

सोमबार प्रधानमन्त्री सुशीला कार्कीसँगको भेटपछि सञ्चारकर्मीसँग कुराकानी गर्दै प्रसाईंले आफ्ना माग पूरा नभए जनविद्रोह हुने चेतावनी दिए। प्रधानमन्त्री कार्कीलाई आफ्ना माग सुनाएको बताउँदै प्रसाईंले भने-'सबै विषयमा जनमत संग्रहमा जाऔँ भनेको छु। उहाँले सही डिसिजन दिनुभएन भने चुनाव हुँदैन।'

सरकारले तोकेको प्रतिनिधिसभा सदस्य निर्वाचन फागुन २१ मा नहुने उनको भनाइ थियो। 'चंगाको धागो चहाँ चुँडिएको हो त्यहीँ गाँस्नुपर्छ। चुनाव हुँदैन, आशै नगर्नु।'- उनले भने।

प्रधानमन्त्रीसँग आफ्ना मागहरू स्पष्ट रुपमा राखेको बताउँदै उनले आफ्ना माग नागरिकको जनजीविकासँग सम्बन्धित रहेको जिकिर गरे।

» *बाँकी ३ पेजमा*

## बुटवलमा पुस १४ देखि नवौं जिल्लास्तरीय स्नुकर



बुटवल। नेपाल बिलियड्र्स पुल तथा स्नूकर संघ रुपन्देहीको आयोजनामा पुस दोस्रो सातादेखि बुटवलमा नवौं जिल्लास्तरीय खुल्ला स्नूकर प्रतियोगिता हुने भएको छ।

बुटवलस्थित खस्यौली स्नूकर क्लबमा पुस १४ गतेदेखि एक हप्तासम्म प्रतियोगिता सञ्चालन हुने आयोजकले सोमबार पत्रकार सम्मेलन गरी जानकारी गराएको हो। प्रतियोगितामा रुपन्देही जिल्लाका १ सय २८ जना खेलाडीहरुबिच प्रतिस्पर्धा हुने संघका अध्यक्ष सुजन पुनले जानकारी दिए।

प्रतियोगिताको विजेताले एक लाख, उप-विजेताले ५० हजार तथा हाइएस्ट स्कोररले २० हजार, उदियमान खेलाडी र अनुशासित खेलाडीले ५/५ हजार र स्नूकर स्टीक प्राप्त गर्ने छन्। स्नूकरको जिल्लास्तरीय प्रतियोगिताको विजेताले पाउने यो राशी हालसम्मकै सर्वाधिक भएको अध्यक्ष पुनले बताए। प्रतियोगिताको निरन्तरता र खेलाडीको प्रोत्साहनमा बुटवल उप-महानगरको आर्थिक सहयोग महत्वपूर्ण रहेको अध्यक्ष पुनले बताए।

१५ लाख रुपैयाँ खर्च अनुमान गरिएको प्रतियोगितालाई बुटवल उप-महानगरपालिकाको मुख्य आर्थिक सहयोग हुने संघका महासचिव प्रकाश क्षेत्रीले बताए।

प्रतियोगिता सम्पन्न गर्न ५ वटा उप-समिति गठन गरेर तयारी अघि बढाइएको क्षेत्रीले बताए।

» *बाँकी ३ पेजमा*

## पोखरेल समूहले बुझायो अवधारणापत्र



काठमाडौं। नेकपा (एमाले)का वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल समूहले आफ्नो अवधारणापत्र बुझाएको छ। सोमबार (मंसिर २२) पार्टी मुख्यालय च्यासल पुगेर पोखरेलसहितका नेताले अवधारणापत्र बुझाएका हुन्। पोखरेलले महासचिव शंकर पोखरेललाई अवधारणापत्र हस्तान्तरण गरे। उनले पार्टीको ११औं महाधिवेशनलक्षित अवधारणापत्र तयार पारेका हुन्। पार्टीका पूर्वउपाध्यक्ष एवं पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीलाई एमालेमा फर्कने वातावरण बनाइनुपर्नेमा अवधारणापत्रमा जोड दिइएको छ।

"पार्टीको रक्षामार्फत् नेपाल राष्ट्रको रक्षा तथा नेपाली जनताको हित रक्षालाई सर्वोपरि मानेर अघि बढ्नु हामी सबैको साझा दायित्व हो," पोखरेलले भनेका छन्-"यो ऐतिहासिक जिम्मेवारीलाई सबैले मनन गरौँ। आन्तरिक लोकतन्त्र समृद्ध बनाएर मात्र नेकपा (एमाले)लाई एउटा सशक्त राष्ट्रिय शक्तिको रूपमा विकास गर्न र हामीले लोकतान्त्रिक समाजको निर्माण तथा नेतृत्व गर्न सक्नेछौं।"

नेकपा एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले तीव्र विकासको बाटो लिन नसके नेपाललाई सार्वभौमसत्ता रक्षा गर्न मुस्किल हुने टिप्पणी गरेका छन्।

आफ्नो समूहले महाधिवेशनमा प्रस्तुत गर्न तयार गरेको दस्ताबेजमा उनले भनेका छन्-'तिव्र विकासको बाटो लिन नसके नेपालले आफ्नो सार्वभौमसत्ताको रक्षा गर्न मुश्किल पर्ने या थप पराधिन हुने जोखिम बढाउँछ।'

अवधारणापत्रमा पार्टी र समसामयिक विषयमा समेटिएको छ। "गत भदौ २३ गते भएको 'जेनजी' आन्दोलन र भदौ २४ गतेको विध्वंसपछिको परिवेशमा हामी पार्टीको महाधिवेशनमा उपस्थित भएका छौँ। यसबिचमा हामीमाथि सोधिएका प्रश्नहरू, गरिएका खबरदारीहरू, लगाइएका आरोपहरू, थोपरिएका लाञ्छनाहरू र हामीप्रति व्यक्त आशाबारेमा हामी जानकार छौँ।"- अवधारणापत्रमा उल्लेख छ।

आसन्न महाधिवेशनमा ईश्वर पोखरेलले अध्यक्षमा उम्मेदवारी घोषणा गरेका छन्। एमाले महाधिवेशन यही मंसिर २७ देखि २९ गतेसम्म काठमाडौंमा हुँदैछ।




## सम्पादकीय

# कृषिमा गर्नुपर्ने काम

नेपालमा कुल घर परिवारमध्ये ६२ प्रतिशतको मुख्य पेशा कृषि हो । राष्ट्रिय कृषि गणना–२०७८ का अनुसार, लुम्बिनी प्रदेशमा ६७ प्रतिशत घरपरिवारको मुख्य पेशा कृषि रहेको छ । कृषिमा ठूलो जनसंख्या आश्रित रहेको र कृषिको व्यवसायिक विकासका लागि राज्यले ठूलो लगानी गरेपनि अपेक्षित प्रतिफल प्राप्त हुन सकेको छैन । राज्यले गर्ने लगानी लक्षित वर्गमा नपुग्दा नतिजा देखिन सकेको छैन । कागजपत्र मिलाउने टाढावाठा व्यक्तिमाँझ मात्रै पुगेकाले कृषिमा गरेको लगानीको प्रतिफल प्राप्त हुन सकेको छैन ।

कृषिमा एकीकृत तथ्याङ्क प्रणालीको अभावमा राज्यस्रोतको दोहोरोपनाको उपभोग गर्ने वर्ग एकातिर छँदैछ, अर्कोतिर राज्यस्रोतको पहुँच नपुग्ने वर्ग सधैं निराश भएको छ । मुलुक संघीय शासन प्रणालीमा गइसकेपछि कृषि तहगत सरकारको साझा अधिकारको विषय हो । तहगत सरकारले कृषिमा अनुदान, उपकरण, मलबीउ खरिद गरी वितरण गरिरहेका छन् । तहगत सरकारले वितरण गर्ने अनुदान, उपकरण र मलबिउमा दोहोरोपना आएको छैन भन्ने ग्यारेण्टी छैन । एकीकृत तथ्याङ्क प्रणाली व्यवस्थापनमा ध्यान दिएको भए तहगत सरकारले गरेको लगानीको प्रतिफल पाउन सम्भव हुन्थ्यो । अहिले स्थानीय तहबाट अनुदान लिने किसानले प्रदेश र संघबाट पनि लिएको छ, प्रदेशबाट लिनेले स्थानीय तहबाट पनि लिएको छ । कसैले कतैबाट पनि पाएको छैन । एउटै टोलको एउटा किसानले दुईभन्दा बढी सरकारबाट अनुदान पाएको र अर्को किसान अनुदानबाट वञ्चित रहेको घटनाले समाजमा निराशा बढाउनु अस्वभाविक होइन् । कृषि अनुदान, औजार र मल बिउमा किसानको पहुँच बढाउन एकीकृत तथ्याङ्क व्यवस्थापन प्रणाली व्यवस्थापन गर्न जरूरी छ ।

एकीकृत तथ्याङ्क व्यवस्थापन प्रणालीको विकास गर्न सक्दा तहगत सरकारले सूचना प्रविधिको प्रयोग गरी उपभोग गर्न सक्छन् । यो तथ्याङ्क प्रणालीबाट अनुदान, मलबिउ र औजार वितरण पनि पारदर्शी हुन्छ । कर्मचारीसँगको मिलेमतोमा टाठाबाठा किसानको मात्र पहुँच हुन्न । नेपालमा २०७८ सालमा कृषि गणना भयो । यो गणनाबाट प्राप्त तथ्याङ्कप्रति सरकारी निकाय नै प्रश्न गरिररहेका छन् । गणनाबाट प्राप्त तथ्याङ्क यथार्थपरक र वस्तुवादीभन्दा अनुमानित जस्तो भएको टिप्पणी हुँदै आएको छ । कृषि गणनामा आवश्यक समेटिनुपर्ने विषयवस्तु के-के हुन् ? कृषि गणनाका लागि कस्तो खालको जनशक्ति आवश्यक पर्छ ? भन्ने विषयलाई ख्याल गरेर कृषि गणना गर्न आवश्यक छ । कृषि गणनालाई केवल औपचारिकतामा सीमित गर्न हुन्न ।

सूचना प्रविधिको जमानामा तथ्याङ्क व्यवस्थापन प्रणाली व्यवस्थित गर्न सहज छ । कृषिमा अपेक्षित नतिजा निकालेर युवालाई कृषिमै टिकाउने हो भने एकीकृत तथ्याङ्क प्रणाली व्यवस्थापन गर्न ढिलाइ गर्न हुन्न । अनुदान, औजार, मलबिउ पाउने किसानको तथ्याङ्क रहने र सहजै हेर्न मिल्ने भएकाले तहगत सरकारका काम पारदर्शी हुन्छन् । सरकारका पारदर्शी क्रियाकलापले नै नागरिक सरकारप्रति अपनत्व महशुस गर्छन् ।

# ‘स्वतन्त्र अस्तित्व र व्यवहारिक कूटनीति’ आजको साझा आवश्यकता



युवराज घिमिरे

*ठूला मुलुकका स्वार्थ ठूला हुन्छ । तर, आफ्नो अस्तित्व र स्वतन्त्रता जोगाउँदै आएको नेपालका लागि राष्ट्रिय स्वार्थ बुझी ‘व्यवहारिक कूटनीति’ मा राजा र दलहरुले सहकार्य गर्नु, आपसी विश्वास कायम गर्नु विकल्पहीन सर्त बनेको छ आजको सन्दर्भमा । राजा र दलका नेतृत्वको ‘इगो’ मुलुकको स्वतन्त्र हैसियत र स्थायित्वमा तगारो बन्नु हुँदैन । अन्यथा हिंसाले वैधानिकता पाएको मुलुकमा कोही नेता या सामान्य नागरिक या उनीहरूको ज्यान या कसैको सम्पत्ति सुरक्षित नरहन पनि सक्छ । यो तीतो यथार्थमा हामी नेपाली छौं आज ।*

जेनजी विरोधपछि विस्थापित र विचलित राजनीति क्रमशः आफ्नो त्यही पुरानो लयमा फर्किन थालेको छ । नेपाली कांग्रेसको महाधिवेशन मिति वर्तमान संस्थापन अर्थात शेरबहादुर देउवाको पक्षमा देखिए पनि उनको विकल्पमा आफू स्थापित हुने सुनिश्चितताका रुपमा पार्टी महामन्त्री गगन थापाले बुझेका छन् । त्यस्तै, एमालेभित्र आफ्नो सर्वोच्चता र विकल्पहीनता अर्को साता पार्टी महाधिवेशनले स्थापित गर्नेबारे केपी ओली ढुक्क छन् ।

तर, नेपाली राजनीतिको विडम्बना र उच्च नेतृत्वको साँघुरो सोचबाट मुलुक कति गहिरोसँग अभिशप्त रहेछ, त्यसको प्रमाण पनि हुन्, यी प्रवृत्तिहरु । शेरबहादुर देउवा र उनकी पत्नी जेनजी आन्दोलनका क्रममा भएको हिंसाको निशाना बने, क्रुर र अन्यायपूर्ण तरिकाले । सिंगापुरमा केही दिनको उपचारपछि उनीहरू स्वेदश फर्के आम अड्कलबाजीविपरीत । पक्कै पनि मुलुकमा भाद्र २४ को आतंकपछि शीर्ष नेताहरूका लागि वातावरण सुरक्षित थिएन। र, देउवा दम्पत्तीको स्वेदश आगमनबारे एउटै कुरा भन्न सकिन्छ, नेपालीहरूलाई उनीहरूको आवश्यकता परेकाले आएका हैनन् उनीहरू ।

अर्कोतिर ओली त्रस्त छन्, आफ्नो भौतिक सम्पत्तिको क्षतिले भन्दा बढी सत्ताको सर्वोच्च आसन अनि कानूनभन्दा माथिको हैसियत गर्ल्यामगुर्लुम ढलेकोमा। पुष्पकमल दाहाल ‘प्रचण्ड’ सशस्त्र विद्रोह र कथित ‘गणतान्त्रिक क्रान्ति’को श्रेय लिँदै आएको माओवादी केन्द्रलाई अस्तित्वहीन बनाएर भए पनि नेपाली राजनीतिमा जीवित देखिन चाहन्छन् । तर, यी तीन नेतामा एउटा कुरा साझा छ, त्यो हो जनताको बिच जाने र जेनजी आन्दोलनका नाममा भएका हत्या, हिंसा र लुटपाटको निष्पक्ष जाँचको माग गर्ने साहसको अभाव या शून्यता । न त यी नेताहरूमा त्यसको प्रतिकार गर्ने सामर्थ्य नै छ ।

वास्तवमा नेपाली राजनीतिको विडम्बना र असलीयत नै यही हो । नेताहरूले बाह्य शक्तिको आड र उक्साहटमा आन्तरिक राजनीति सञ्चालन गर्दै आएकाले बाह्य अनुमतिबिना आफूमाथि परेको अन्यायको विरोधसमेत गर्न सक्तैनन् । गौर नरसंहारमा दर्जनौं कार्यकर्ताहरू गुमाएको माओवादीले यस्तो उदाहरण पहिल्यै प्रस्तुत गरिसकेको छ । दोस्रो, नेपाली संविधान अर्थात् ०७२ को संविधानले खुलेरै हिंसाको प्रयोगलाई राजनीतिक व्यवस्था र सत्ता परिवर्तनको वैधानिक माध्यमका रुपमा स्वीकृति दिएको छ । विगतमा विभिन्न राजनीतिक दल र शक्तिहरूले बन्दुक उठाएका घटनाहरूलाई उच्च स्वीकृतिका साथ यो संविधानले प्रस्तुत गरेको छ भने अर्कोतिर वि.सं. २०४२ मा प्रस्तावित सत्याग्रह सुरु हुनअघि काठमाडौँमा रामराजा प्रसाद सिंहको भूमिगत समूहले ठाउँठाउँमा विष्फोट गर्दा कम्तिमा चार व्यक्तिको मृत्यु र निजी तथा सार्वजनिक सम्पत्तिमा क्षति पुगेपछि सत्याग्रहका नेता कृष्णप्रसाद भट्टराईले आन्दोलन फिर्ता लिएका थिए । गान्धी दर्शन र राजनीतिक प्रयोगमा भट्टराईको यो कदम दुर्लभ सिद्धान्तनिष्ठ र अत्यन्त साहसी थियो । दक्षिण अफ्रिकाबाट सन् १९१५ मा स्वदेश फर्केको सात वर्षपछि भारतमा राज गरिरहेको अंग्रेज शासनविरुद्ध शान्तिपूर्ण असहयोगको व्यवहार अपनाउन गान्धीले आमभारतीयहरूमा चेतना प्रवाह गर्दै उनीहरूलाई संगठित गरिरहेका थिए । सन् १९२२ फेब्रुअरी ४ का दिन भारतीय सत्याग्रही र ब्रिटिस समर्थक प्रहरीबिच भएको भिडन्तपछि प्रहरीचौकीमा स्थानीयहरूले आगो लगाउँदा २२ प्रहरी र तीन नागरिकको ज्यान गएको थियो । सत्याग्रहमा उत्सर्गको निःस्वार्थ भावना प्रचूर हुन्छ र लडाइँको अर्को पक्षको सुरक्षा र सम्मानलाई आन्दोलनकारीहरूले आफ्नो जसरी नै महत्व दिन्छन् । गान्धीले तत्काल त्यो आन्दोलन फिर्ता लिए । भट्टराईले रामराजा प्रसाद सिंहद्वारा प्रेरित आतंकका कारबाहीपछि त्यही गरेका थिए, चौरीचौरा काण्डको ६३ वर्षपछि ।

यता आएर सिके राउतजस्ता पात्रहरु महात्मा गान्धीबाट प्रेरित भएको दाबी गर्न थालेका छन् । मार्टिन लुथर किंग जुनियर र नेल्सन मण्डेलाले गान्धी र गान्धी दर्शनको सान्दर्भिकता यो क्षेत्रबाट धेरै टाढा अर्थात् अमेरिका, दक्षिण अफ्रिकामा स्थापित गरेका छन् । सिटौला प्रवृत्तिजस्तै राउतले निर्लज्ज रुपमा गान्धीवादी, मण्डेलावादी र किंगवादी भएको दाबी गरेका छन् । जवाफदेही शून्य व्यवस्थालाई हामीले कहिल्यै नखोसिने लोकतन्त्रको संज्ञा दिइरहँदा यस्ता पात्रहरू जीवित रहन पाएका छन् नेपाली राजनीतिमा । घृणा र फरक मतको निषेधमा गान्धी सधैँ हार्ने गर्छन् । प्रचण्ड, ओली र देउवाको नेतृत्व यथावत रहला उनीहरूका सम्बन्धित पार्टीमा केही समय, तर जनतामा जाने नैतिक साहस उनीहरूमा रहने छैन । ओलीले त युवा रगतको अवमूल्यन र अपमान गरेरै भए पनि नेतृत्वमा रहने अनि जवाफदेहीविहीन हुनु नै ‘राजनेता’ को लक्षण भएको बुझाइ प्रस्तुत गरेका छन् । खाली राउत र परोक्ष रुपमा सिटौलाले जसरी ओलीले गान्धीवादसँग सामिप्य जोडेका छैनन् । उनले धेरै नबोले पनि उनको सम्बन्ध नक्सलवादी र फरक मतको निषेध नै हो ।

त्यसैले लोकतन्त्र मृत अवस्थामा छ, नेपालमा । तर, राष्ट्रिय अखण्डता र सदा सार्वभौमसत्ताको झण्डा फरफराइरहेको मुलुकमा यस्ता नेताहरूले ती मूल्यप्रति कत्तिको समर्पण र प्रतिबद्धता र समवेदनशीलता देखाउलान् ? यो प्रश्न महत्वपूर्ण छ र त्यसमा आशंका छ । ओलीले अहिले प्रधानमन्त्रीका रुपमा आसिन सुशीला कार्कीलाई आफ्नो निशाना बनाएका छन् । तर, त्यो निर्णयसम्मका समग्र परिवर्तनलाई बेवास्ता गरेका छन् । प्रचण्ड र सिटौला प्रवृत्तिका दल या शक्तिहरूले नेपालको राजनीति १२ बुँदेको ‘स्पिरिट’ र मार्गनिर्देशनमा चल्ने प्रतिबद्धताबारे बोल्दै आएका छन् । वास्तवमा उनीहरूले आफ्ना बाध्यात्मक प्रतिबद्धताहरु पटक-पटक दोहोऱ्याइएका छन् ।

एउटा दृष्टान्तबाट यसलाई व्याख्या गरौं । केही वर्षअघि नेपालमा सक्रिय भारतको राष्ट्रिय स्वयंसेवक संघसँग आबद्ध दुई स्थापित व्यक्तिहरूको सक्रियतामा एउटा दुई दिने गोष्ठी आयोजना गरियो । ‘नेपाल अन्तर्राष्ट्रिय मञ्च’मा कसरी प्रस्तुत हुने भन्नेबारे छलफल मुख्य विषय थियो त्यसको । शेरबहादुर देउवा प्रधामन्त्री थिए, उनले त्यसको उद्घाटन गरे र प्रतिपक्षका नेताका रुपमा प्रचण्डले त्यसको समापन गरे । ओली र उनको पार्टीले शीर्ष तहमा सहभागिता जनाएनन्, तर उसले गोष्ठीको घोषित मर्मको विरोध गरेन, सायद १२ बुँदेको स्पिरिटलाई सम्मान गर्दै । नेपालले अन्तर्राष्ट्रिय मञ्चमा कसरी प्रस्तुत हुने भन्नेबारे गोष्ठीमा स्थानीयभन्दा बढी संख्यामा दिल्लीबाट सहभागीहरू बोलाइएको थियो ।

एक किसिमले यो गोष्ठीको मर्म सन् १९८९ मा भारतीय विदेश सचिव एसके सिहंले राजा वीरेन्द्रसमक्ष नेपाललाई उसको सुरक्षा छाताभित्र बस्न र नेपालको प्राकृतिक क्षेत्रमा भारतको अग्राधिकार सुनिश्चित गर्न राखेको प्रस्ताव, वीरेन्द्रद्वारा त्यसलाई अस्वीकार गरेपछिको अर्को प्रयासको प्रारम्भिक संस्करण थियो भन्न सकिन्छ । आरएसएस भारतीय हिन्दुहरूको चक्रवर्ती हैसियतका लागि सक्रिय छ, तर नाकाबन्दीबाट उत्पन्न अभावमा नेपालका हिन्दुहरू मर्दा ऊ रमाउँछ । देउवा र प्रचण्डले यो कुरा नबुझेका हैनन् । देउवा, ओली र प्रचण्डसमक्ष भारत या अब नेपालमा नवोदित शक्तिशाली शक्ति चीन या पश्चिमाहरूले यस्ता आश्वासन र अनौपचारिक प्रस्ताव राखेका होलान्, तर सायदै आपसमा उनीहरूले यसबारे छलफल गर्ने गरेका छन् । कसैको प्यारो बनेर हिजो १२-बुँदेमा जस्तै सत्तामा पुग्न अभ्यस्त यी नेताहरू सत्ताकै लागि मालिक नफेर्लान् र ?

राजा ज्ञानेन्द्र राष्ट्रिय स्वाभिमान तथा मुलुकको अस्तित्वको पक्षमा र धर्म संस्कृति तथा नेपाली मौलिकता जोगाउन यी नेताहरूभन्दा धेरै माथि छन् भन्ने उदाहरण उनले पटक-पटक प्रस्तुत गरेका छन्, कतिपल्ट आफै अपमानित र गलत बुझाइको सिकार बनेर भए पनि । उनको हैसियत, कद तथा व्यक्तित्वको निरन्तर वृद्धिमा मुलुकप्रतिको उनको माया छ । स्वतन्त्र नेपालको अविचलित अस्तित्वको पक्षमा उनी उभिएका छन् ।

के देउवा, ओली र प्रचण्डले आफ्नो राजनीतिको यो अन्तिम चरणमा मुलुकको सार्वभौमसत्ता र स्वतन्त्रताप्रति बाहिरबाट आएका प्रलोभन र राजनीतिक ‘गोटीकरण’ प्रक्रियाबारे राजासमक्ष छलफल गर्ने न्यूनतम नेपाली दायित्व पूरा गर्ने हिम्मत जुटाउलान् ? त्यसले उनीहरूको चरित्रको स्तर र ‘राष्ट्र पहिला’ भन्ने मान्यतामा उनीहरू कहाँ छन् स्पष्ट पार्छ । ज्ञानेन्द्र शाहले आफ्नो त्यागद्वारा नेपालमा राजसंस्थाको पुनःस्थापना तथा अस्तित्वको सान्दर्भिकतालाई चीरकालका लागि स्थापित गरेका छन्, तर ठूला र साना दलका धेरैजसो नेताहरूले नेपालमा दलहरू लोकतन्त्रसँगै राष्ट्रियता र आन्तरिक सार्वभौमसत्ताका लागि खतरा हुन् भन्ने सन्देश पनि दिएका छन् आफ्नो आचारणबाट । यो आम धारणाबाट उनीहरू मुक्त नभएसम्म नेपालमा गणतन्त्र र यहाँको आन्तरिक राजनीतिको पकड विदेशीको हातमा नै रहनेछ ।

ठूला मुलुकका स्वार्थ ठूला हुन्छ । तर, आफ्नो अस्तित्व र स्वतन्त्रता जोगाउँदै आएको नेपालका लागि राष्ट्रिय स्वार्थ बुझी ‘व्यवहारिक कूटनीति’ मा राजा र दलहरुले सहकार्य गर्नु, आपसी विश्वास कायम गर्नु विकल्पहीन सर्त बनेको छ आजको सन्दर्भमा । राजा र दलका नेतृत्वको ‘इगो’ मुलुकको स्वतन्त्र हैसियत र स्थायित्वमा तगारो बन्नु हुँदैन । अन्यथा हिंसाले वैधानिकता पाएको मुलुकमा कोही नेता या सामान्य नागरिक या उनीहरूको ज्यान या कसैको सम्पत्ति सुरक्षित नरहन पनि सक्छ । यो तीतो यथार्थमा हामी नेपाली छौं आज ।

देश सञ्चारबाट

# सेयर बजार ३.०२ अंकले घट्यो



काठमाडौं । लगातार छैटौं कारोबार दिन सोमबार सेयर बजार घटेको छ । बजार परिसूचक नेप्से ३.०२ अंकले घटेको छ । यो कमीसँगै २६०६ मा कायम भएको छ ।

गत साता कारोबार भएका चार दिन र यो साताका दुई दिन गरी ६ दिन बजार घटेको छ । विगत ६ दिनमा नेप्से १७० अंकले घटिसकेको छ । मंसिर ११ गते नेप्से २७७६ अंकमा थियो । केही नीतिगत सहजताका बाबजुत पनि राजनीतिक अस्थिरता, चुनावको अनिश्चितताजस्ता प्रमुख कारण लगानीकर्तामा कन्फिडेन्स बढ्न सकेको छैन ।

९९ कम्पनीको मूल्य बढ्दा १४७ को घट्यो भने १२ को स्थिर रह्यो । दिनभर बजार सामान्य उतारचढावमा रह्यो । सोमबार कारोबार रकम पनि घटेको छ । अघिल्लो दिन ५ अर्ब ३३ करोडको कारोबार भएकोमा आज ४ अर्ब ६६ करोडमा खुम्चियो ।

समूहगत सूचकमा मिश्रित प्रतिक्रया देखिएको छ । सबै समूहगत सूचकको उतारचढाव १ प्रतिशतभन्दा कम रह्यो । जलविद्युत् ०.१२, जीवन बिमा ०.५०, उत्पादन तथा प्रशोधन ०.६१, निर्जीवन बिमा ०.०५ तथा व्यापार ०.४१ प्रतिशत बढे । बैंकिङ ०.६७, विकास बैंक ०.११, फाइनान्स ०.५७, होटल तथा पर्यटन ०.२३, लगानी ०.१६, माइक्रोफाइनान्स ०.२९ तथा अन्य ०.२१ प्रतिशत घटे ।

चार कम्पनीको मूल्य १० प्रतिशत बढेको छ । १० प्रतिशत बढेका कम्पनीमा अपर स्याङ्गे हाइड्रोपावर, स्वस्तिक लघुवित्त, झापा इनर्जी र श्रीनगर एग्रिटेक छन् । त्यस्तै इङ्वा हाइड्रोपावरको ९.०३ तथा पियोर इनर्जीको ४.४ प्रतिशत मूल्य बढ्यो । सपोर्ट माइक्रोफाइनान्सको ५.१६, मेन्छियाम हाइड्रोपावरको ३.७३, गुहेश्वरी मर्चेन्ट बैंकको ३.६८ प्रतिशत मूल्य घट्यो । धेरै कारोबार भएका पाँच कम्पनीमा डादी ग्रुप, सागर डिस्टिलरी, पियोर इनर्जी, राधि विद्युत् र झापा इनर्जी छन् ।

# रासायनिक मलको जथाभावी प्रयोगले माटोको उर्वराशक्ति घट्दै

राँझा । रासायनिक मलको असन्तुलित प्रयोगले बाँकेमा माटोको अवस्था बिग्रँदै गएको छ । उत्पादन बढाउने नाममा जथाभावी रासायनिक मल प्रयोग गरिँदा यहाँका माटोको उर्वराशक्तिमा ह्रास आउँदै गएको माटो तथा मल परीक्षण प्रयोगशाला खजुराका माटो विज्ञ खिमबहादुर केसीले बताए ।

निःशुल्क माटो जाँच शिविरको प्रतिवेदनले माटोमा क्षारीयपन बढी रहेको पाइएकाले माटोको उर्भरशक्ति कमजोर बन्दै गएको उनको भनाइ छ । माटोमा नाइट्रोजन, फस्फोरस र पोटासको मात्रासमेत कम देखिएको जनाउँदै उनले यसले उत्पादनमा ह्रास आउने उल्लेख गरे ।

“युरिया, डिएपीलगायत रासायनिक मलको अत्यधिक प्रयोग गरिएको पाएका छौं ।

रासायनिक मल मनपरी ढङ्गले प्रयोग गरिँदा माटोमा रहने विभिन्न तत्वमा गम्भीर असर परेको छ”, उनले भने-“प्राङ्गारिक पदार्थ तथा मलको मात्रा नबढाउँदासम्म माटो सुध्रिँदैन, माटोको परीक्षण गरेर रिपोर्टका आधारमा सन्तुलित मात्रामा रासायनिक मलको प्रयोग गर्नुपर्छ ।”

प्राङ्गारिक मलको विकल्पमा किसानले रासायनिक मलको प्रयोग गर्दा उत्पादन घट्नुका साथै माटोको सन्तुलनमा नकारात्मक असर पर्दै गएको प्रयोगशालाका प्रमुख आशीष पाठकले बताए । खेतबारीमा पराल जलाउने, रोटाभेटरको प्रयोग गर्ने, प्राङ्गारिक मलको प्रयोग नगरी रासायनिक मल असन्तुलित रूपमा प्रयोग गर्नाले




माटोको अवस्था बिग्रँदै गएर उत्पादकत्व कम हुँदै गएको उनको भनाइ छ ।

कृषि ज्ञान केन्द्र बाँकेका प्रमुख डा. विनोद घिमिरेले माटोको अवस्था सुधार नगरे आगामी पुस्ताले प्राङ्गारिक र जैविक उत्पादनको अनुभव लिन नपाउने जोखिम बढ्दै गएको बताए । जिल्लामा माटो परीक्षण निःशुल्क शिविर सञ्चालन गरी गरिएको भए पनि किसानमा उत्साह नदेखिएकाले सचेतना जगाउन आवश्यक रहेकामा उनले जोड दिए ।

कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र खजुराका प्रमुख श्रीधर ज्ञवालीले बिग्रेको माटोमा रासायनिक मल हालेर मात्रै उत्पादन शक्ति नबढ्ने भएकाले प्राङ्गारिक पदार्थको मात्रा बढाउन जरुरी रहेको बताए । उनका अनुसार यहाँको माटोमा नाइट्रोजन, फस्फोरस, पोटास र प्राङ्गारिक पदार्थ मध्यमदेखि कम पाइएको छ । यस्तो अवस्थामा अनावश्यक रूपमा रासायनिक मल खेतमा प्रयोग गरिँदा माटोमा रहेका ती तत्वको सन्तुलन बिग्रिएर उत्पादकत्व क्षमता कमजोर हुँदै जाने उनले उल्लेख गरे

# लक्ष्मी माविमा भक्तजनहरूबाट व्यापक आर्थिक सहयोग

बुटवल । 'शैक्षिक गुणस्तर सुधारका लागि प्रविधिमैत्री शिक्षा' भन्ने नाराका साथ लक्ष्मी माध्यमिक विद्यालय बुटवलले आयोजना गरेको श्रीमद्भागवत सत्संग एवं धार्मिक महोत्सवको तेस्रो दिन महायज्ञमा उपस्थित हुने श्रद्धालु भक्तजनहरुबाट १५ लाख सहयोग उपलब्ध भएको विद्यालय स्रोतले जनाएको छ।

महायज्ञको तेस्रो दिन समाजसेवी पविलाल गैरेले रु २ लाख ११ हजार १ सय ११, प्राध्यापक भोजराज भट्टराईबाट रु १ लाख ५१ हजार १ सय ११, शिवप्रसाद दाहालबाट रु ५५ हजार ५ सय ५५, कुसुमदेवी प्रधानबाट रु ५१ हजार १ सय २५, लोकनाथप्रसाद भुसाल रु ५१ हजार १ सय ११, आदर्शप्रतिनगर टोल विकास समितिबाट रु ४५ हजार ३५ रुपैयाँ, पार्वती पुन मगरबाट रु ३५ हजार ५ सय ११ सहयोग प्राप्त भएको छ।

त्यस्तैगरी गंगादेवी भट्टराईबाट रु ३३ हजार ३ सय ३३, लक्ष्मीनगर टोल विकास संस्था (ख) बाट रु २५ हजार, ५ सय ५५, ज्योतिनगर क्षेत्र विकास परिषद् खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाबाट रु २५ हजार ५ सय २५, समाजसेवी गणेश घिमिरेबाट रु २५ हजार, १ सय ५, दुर्गा पुस्तक तथा पूजा सामग्रीबाट रु २५ हजार १ सय ५ गरी विभिन्न महानुभावहरुबाट सहयोग प्राप्त भएको आर्थिक समितिका संयोजक टंकप्रसाद पराजुलीले बताए।

महायज्ञमार्फत् विद्यालयलाई आर्थिक सहयोग गर्ने क्रम निरन्तर जारी छ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा महायज्ञ मूल समितिका संयोजक विष्णुमाया श्रेष्ठले शैक्षिक गुणस्तर सुधारका लागि प्रविधिमैत्री शिक्षाको उन्नयन, सामाजिक, धार्मिक तथा आर्थिक पक्षलाई बलियो बनाउन धार्मिक महोत्सव आयोजना गरिएको बताउँदै शिक्षा जस्तो पवित्र ठाउँमा एकपटक आएर कथावाचन श्रवण गरी सक्दो सहयोग गर्न सम्पूर्ण महानुभावहरुलाई आग्रह गरेकी छन्।

महायज्ञमा दैनिक सुप्रसिद्ध कथावाचक पण्डित चन्द्रकान्त काफ्लेको मुखारविन्दबाट दिव्य संगीतमय श्रीमद्भागवत कथावाचन भइरहेको छ। महोत्सव अवधिभर दैनिकरुपमा बिहान ७ बजे यज्ञ मण्डप पूजा, बिहान ८ बजेदेखि ११ बजेसम्म श्रीमद्भागवत पाठपारायण, रुद्राभिषेक, चण्डीपाठ, वेदपाठ पारायण हुनेछ।

त्यस्तैगरी दिउँसो ४ बजेपछि टीकाप्रसाद ग्रहण, साँझ ६ बजेदेखि श्रृङ्गारिक महाआरती भइरहेको छ।

सोही अवसरमा धर्म, शिक्षा र समाज उत्थानमा योगदान गर्ने महानुभावहरुलाई विशेष सम्मान समेत गरिएको छ। शैक्षिक तथा धार्मिक महोत्सव यही मंसिर २६ गतेसम्म सञ्चालन हुनेछ।

## ई.सि.एच.एस. कार्ड हराएको सूचना

मेरो निम्न विवरण भएको ई.सि.एच.एस. कार्ड मिति २०८२।८।१० गते बुटवलदेखी सुनवलको बडेरा आउने क्रममा हराएको हुदाँ फेला पार्नु हुने महानुभावहरूले नजिकैको प्रहरी चौकी र प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर वा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध छ।

**नाम** – खगी देबि चापागाई
**ई.सि.एच.एस. कार्ड नं.**– ००००-०७५३-२४३०
**ठेगाना** – सुनवल न पा -१३, बडेरा, नवलपरासी (ब.सु.प.)
**सम्पर्क नं.** -९८६७९२७६४०

**संसद...**

रिटमा भनिएको छ-'यस उल्लेखित दुवै उपधारा बमोजिम सरकार गठन हुन नसकेमा उपधारा (३) बमोजिम प्रतिनिधिसभामा सबैभन्दा बढी सदस्यहरु भएको दलको संसदीय दलको नेता अर्थात् प्रतिनिधिसभा सदस्य रहेको व्यक्ति मात्र प्रधानमन्त्री नियुक्त हुन सक्ने संवैधानिक व्यवस्था हो।'

रिटमा अगाडि भनिएको छ-'यो आफ्नो तजविजअनुसार सम्माननीय राष्ट्रपति ज्यूले प्रयोग गर्न सक्ने व्यवस्था होइन। बाध्यकारी व्यवस्था हो। उपधारा (५) बमोजिम समेत प्रतिनिधिसभामा बहुमत सक्ने प्रतिनिधिसभा सदस्यलाई मात्र प्रधानमन्त्री नियुक्त गर्न सकिने संवैधानिक व्यवस्था रहेको छ।'

**जित्छौं...**

'त्यसपछि जेनजीको एउटा आयोग बनाउँछौं। जेनजीले के भन्न चाहेको छ भन्ने बुझ्नुपर्‍यो नि। ८० वर्षको पुस्ता र हिजो अस्तिको युवा पुस्ताले भनेको कुरा बुझ्छ ?,'-साम्पाङले भनेका छन्।

यो देशको अग्रगामी छलाङ मार्ने योजना आफ्नो पार्टीले ल्याउने उनको जिकिर थियो।

**माग...**

'आज हाम्रा माग प्रधानमन्त्री र गृहमन्त्रीले राम्रोसँग सुन्नुभयो। तपाईंका माग भनेका जनजीविकोपार्जन माग हुन्। यि मागहरू कम्युनिस्टले बोकेर हिँड्ने माग हुन्। तर कम्युनिस्टहरूले यही भन्याङ बनाएर अर्बौं रुपैयाँ कमाए। त्यो ठाउँमा म भए अहिले मुख्यसचिव बोलाएर भन्थेँ भनेँ।'- प्रसाईंले सुनाए।

प्रधानमन्त्री कार्कीले आफ्ना मागबारे अध्ययन गरेर पुस २ गते निर्णय दिने बचन दिएको उनको भनाइ थियो। 'सबै कुरा अध्ययन गरेर, म छलफल गर्दछु र पुसको २ गते निर्णय दिन्छु। तपाईंहरुले भनेको जस्तै निर्णय दिन्छु भन्नुभएको छ।'- प्रसाईंले भने।

२०६२-०६३ सालको जनआन्दोलनको म्याण्डेट भनेको संघीयता, धर्मनिरपेक्षता ल्याउने नरहेको भन्दै यसबारे जनमतसंग्रह गर्न प्रसाईंले माग गरेका छन्।

**बुटवलमा...**

पत्रकार सम्मेलनमा बोल्दै नगर खेलकुद विकास समिति संयोजक बोनिन पियाले रुपन्देही जिल्ला स्नुकर खेलको हबको रुपमा विकास भएको उल्लेख गर्दै हरेक वर्ष प्रतियोगिता हुँदा खेलाडीलाई प्रोत्साहन हुने बताए। पियाले स्नूकर खेल अन्तर्राष्ट्रियस्तरमा निकै प्रतिष्ठित खेल भए पनि नेपालमा अझै ओझेलमा परेकाले यसको विकासमा लाग्नु पर्ने जनाए।

संघका प्रमुख सल्लाहकार सञ्जयरत्न बज्राचार्यले प्रतियोगितामा खेलाडीहरुलाई नियम र अनुशासन पालन गरेर खेल खेल्न र खेलाउन सुझाव दिए।

संघले नियमितरुपमा हरेक वर्ष प्रतियोगितालाई निरन्तरता दिएर स्नुकर खेललाई थप उचाइमा पुराएको महासचिव प्रकाश क्षेत्रीले जनाए। प्रतियोगिता सम्पन्न गर्न विभिन्न ६ वटा उपसमितिहरु गठन गरिएको उनले जानकारी गराए।

जसअनुसार खेल उप-समिति संयोजकमा विजय गुरुङ तथा सदस्यहरुमा समुन्द्र अमात्य र लक्ष्मण आले, आर्थिक उप-समिति संयोजकमा संघका महासचिव प्रकाश क्षेत्री तथा सदस्यहरुमा प्रदीप विक र बिर्जु केसी, प्रचारप्रसार उप-समिति संयोजकमा टिआर शर्मा तथा सदस्यहरुमा सुशान्त पाण्डे र मिन गाहा भएका छन्। यस्तै अतिथि सत्कार तथा खाजा व्यवस्थापन उप-समिति संयोजकमा पुरन राना तथा सदस्यहरुमा रबिन श्रेष्ठ र सुरज पुन चयन भएका छन् भने प्राविधिक उप-समिति संयोजकमा विराट भट्टचन तथा सदस्यहरुमा रमेश मल्ल र सागर गाहा मगर रहेका छन्।

# विनयी त्रिवेणी गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

नवलपरासी, (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रथम पटक प्रकाशन मितिः २०८२/०८/२३**

यस कार्यालयबाट विभिन्न मितिमा तपसिल बमोजिम कार्यको लागि आह्वान ठेक्कामा तपसिल बमोजिमको बोलपत्र दाताको कबोल अंक सारभूत रुपमा प्रभावग्राही भएकोले बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन२०६३ को दफा २७ को प्रयोजनार्थ सम्बन्धित सबैको लागि प्रकाशन गरिएको छ।

**तपशिलः**

| सि.न. | बोलपत्र नं. | आयोजनाको विवरण | छनौट भएको बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम (मु.अ.क. र प्रोभिजनलसम सहित ) |
|---|---|---|---|---|
| १ | 02/BTRM/NCB/Works/2082-083 | Administrative building construction project of Binayi Tribeni Rural Municipality Nawalparasi | BANJARA & COMPANY PVT. LTD Swayambhu-15, Kathamandu | 105828079.76 |
| २ | 05/BTRM/NCB/Works/2082-083 | Dadajor Ghaderitandi Patuke SadakIstarunnati | omkar builders gokarneshwor-12, kathmandu | 17946823.93 |
| ३ | 14/BTRM/NCB/Works/2082-083 | Milan chowkshivpur gadhitri benigajendramoksha sadak | LUMBINI SANSKRITIKJAISWAL JOINTVENTURE Ramgram-12 | 58914109.91 |
| ४ | 15/BTRM/NCB/Works/2082-083 | Kanikesal Chukaha Bhaisekhola Samma Bato Staronnati | Akriti- Kumar-Precision J/V kupandole ,ward-1 | 39588154.18 |
| ५ | 16/BTRM/NCB/Works/2082-083 | Dumkibas Dadajor Sardi Deuraalihudaipal pajane motar baato staronnati | Kumar-Sunchhahari-Precision J/V puranchaurKaski, Gandaki Province | 48560538.48 |
| ६ | 17/BTRM/NCB/Works/2082-083 | Nayagaun Shantinahar Hudai Chukaha Sadak Staronnati | omkar builders gokarneshwor-12, kathmandu | 23517759.62 |

**प्रमुख प्रशासकीय अधिकृत**

# बाणगगां नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

जितपुर, कपिलवस्तु,
लुम्बिनी प्रदेश, नेपाल

**बाणगगां नगरपालिका अन्तर्गत बाणगगां नदी, घिरी खोला र कोइली खोलाको विभिन्न बगर क्षेत्र बाट नदीजन्य पदार्थको व्यवस्थापन कार्यको वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी**

## सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८२/०८/२३)

लुम्बिनी प्रदेश, कपिलवस्तु जिल्ला, बाणगङ्गा नगरपालिकाद्वारा देहाय बमेजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नामः बाणगङ्गा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय ठेगानाः जितपुर, कपिलवस्तु, लुम्बिनी प्रदेश ईमेलःbangangamun@gmail.com<br>वेबसाईटः https://bangangamun.gov.np/<br>फोन नं.: +०७६-५५०३८३ |
| प्रस्तावको व्यहोरा | बाणगङ्गा नगरपालिका क्षेत्राधिकार भएर बग्ने निम्न नदि / खोलाको विभिन्न खण्डहरु-<br>●बाणगङ्गा नदीको चिंगि घाट सिचाई बाँध देखि दक्षिण बाणगङ्गा नदीको पक्कि पुल(पहिलो खण्ड),<br>●बाणगङ्गा पुल देखि दक्षिण लक्ष्मणघाट बाँध क्षेत्र (दोश्रो खण्ड )<br>●लक्ष्मण घाट देखि दक्षिण कपिलवस्तु नगरपालिका सिमाना सम्म ( तेश्रो खण्ड )<br>●घिरि खोला<br>●कोइली खोला<br>माथि उल्लेखित नदि र खोलाको विभिन्न बगर क्षेत्रबाट दिगो तथा वातावरण नदिजन्य मैत्री रुपमा पदार्थको व्यवस्थापन कार्य |
| प्रभाव पर्न सक्ने क्षेत्र | कपिलवस्तु जिल्ला, बाणगङ्गा नगरपालिका वडा नं. १, ५, ६, ७, ८ र ९ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीहरु बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न बाणगङ्गा नगरपालिका प्रभावित वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र देहायमा उल्लिखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | श्री बाणगङ्गा नगरपालिका, कपिलवस्तु, लुम्बिनी प्रदेश bangangamun@gmail.com, फोन नं. ०७६-५५०३८३ |
| परामर्शदाताको नाम र ठेगाना | युनिभर्सल इन्जिनियरिंग कन्सलटेन्ट एंड बिल्डर्स, तिलोत्तमा-०५ uecb2017@gmail.com, फोन नं. ९८६७१८९०५१ |

# Bardaghat Municipality

## Office of the Municipal Executive

**Bardaghat, Nawalparasi (Ba. Su. West)**
**Lumbini Province, Nepal**

## INVITATION FOR Re-BIDS (EBIDDINGONLY)

**Publication Date: 2025/12/09**

1. Bardaghat Municipality, Office of the Municipal Executive invites electronic bids from eligiblebiddersfor the following work.

| S.N. | Contract No. | Description of works | Bid validity period / Bid security validity | Estimated Amount Without VAT &Contingencies | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|---|---|
| 1 | BAR/SQ/ Works/04/ 082/083 (2nd notice) | Bhanunagar Purba Jane Bato Starikaran, Bhanunagar Purba Sadakma Nali Nirman, Ward no. 8 | 45/75 days | 14,59,214.93 | 42,000 | 1,000 |

| | |
|---|---|
| **Account No. for bid document purchase fee:**<br>Name of Bank: NIC ASIA Bank Ltd., Bardaghat, Nawalparasi<br>Name of Office: Bardaghat Municipality, Bardaghat<br>Account Number (AntarikRajaswo): 0832050028211002 | **Account No. for bid security deposit:**<br>Name of Bank: NIC ASIA Bank Ltd., Bardaghat, Nawalparasi<br>Name of Office: Bardaghat Municipality, Bardaghat<br>Account Number (DharautiKhata): 8341498482524004 |
| **Deadline of bid submission**<br>2025/12/24till 12:00 Noon | **Date and time of bid opening**<br>2025/12/24at 1:30 PM |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Bardaghat Municipality, Bardaghat, Nawalparasi, Website: www.bardaghatmun.gov.np, PPMO website: www.bolpatra.gov.np/egp Email Id: bardaghatmunicipality@gmail.com , Tel: 078-580210, 078-580407.

**Chief Administrative Officer**

# कावासोती नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

गण्डकी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना

प्रकाशित मितिः २०८२/०८/२३

यस कार्यालयबाट प्रथम पटक प्रकाशित ठेक्का आह्वान सम्बन्धी सूचना उपर दर्ता हुन आएका बोलपत्र मध्येतपशिल बमोजिमको बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | कार्य विवरण | फर्म तथा कम्पनीको नाम | कबोल अंक (मु.अ.क.समेत) | कैफियत |
|---|---|---|---|---|
| 07/KM NCB/ WORKS/ 2082/83 | Road Upgrading Works at Beltandi, Gorsati, Setapani and Devighol | हिमाल निर्माण सेवा एण्ड सप्लायर्स मध्यबिन्दु -०७ | ३५,६१,८०३.१० | |

**प्रमुख प्रशासकीय अधिकृत**


## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# रिसन खेल महोत्सवका विजेता पामिरका विद्यार्थी सम्मानित



तिलोत्तमा । रूपन्देही एकीकृत विद्यालय संगठन (रिसन), तिलोत्तमाले आयोजना गरेको रिसन खेल महोत्सवमा उत्कृष्ट प्रदर्शन गर्ने पामिर इन्टरनेशनल एकेडेमी, तिलोत्तमा-२ जानकीनगरका विद्यार्थीहरूलाई सोमबार विद्यालयमै आयोजित विशेष समारोहका बिच सम्मान गरिएको छ । महोत्सवमा समग्रतर्फ पामिरले तेस्रो स्थान हासिल गर्दै विद्यालयको प्रतिष्ठा उकास्न सफल भएको थियो ।

समारोहमा विभिन्न विधामा उत्कृष्ट स्थान प्राप्त गर्ने विद्यार्थीलाई कप तथा मेडलसहित सम्मान गरिएको थियो । ४०० मिटर दौडमा दोस्रो तथा २०० मिटरमा तेस्रो स्थान जितेका युजन शाही, हाइजम्पमा प्रथम तथा लङजम्पमा तेस्रो भएका सञ्जोग श्रेष्ठ, २०० मिटर, ४०० मिटर, रिले दौडमा तेस्रो तथा लङजम्पमा दोस्रो स्थान हासिल गर्न सफल पूजा क्षेत्री सम्मानित भएका हुन् ।

यस्तै, १०० मिटर दौड तथा रिले विधामा तेस्रो स्थान ल्याएकी बबिता भट्टराई, रिले दौडमा तेस्रो हुने आश्मा टण्डन र मनिषा शाही, ८०० मिटर तथा ब्याडमिन्टनमा तेस्रो स्थान प्राप्त प्रितम कंडेल, तथा ब्याडमिन्टनमै तेस्रो स्थान हासिल गर्ने समर्पण खनाललाई पनि सम्मान प्रदान गरिएको थियो । साथै डान्स, छात्रा एथ्लेटिक्स, छात्र एथ्लेटिक्स र ब्याडमिन्टन समग्रतर्फ समेत पामिरले तेस्रो स्थान लिन सफल भएको विद्यालयले जनाएको छ ।

कार्यक्रममा विद्यालयका अध्यक्ष मोहन चापागाईंले विद्यार्थीहरूको प्रदर्शनले पामिर इन्टरनेशनल एकेडेमीको शैक्षिक क्षमताको परिचय दिएको बताउँदै आगामी दिनमा अझै व्यवस्थित प्रशिक्षणमार्फत् ठूलो सफलता दिलाउने प्रतिबद्धता व्यक्त गरे ।

प्राचार्य गोपाल गौतमले विद्यार्थीहरूको परिश्रम, शिक्षकहरूको मार्गदर्शन र अभिभावकहरूको साथकै कारण विद्यालय निरन्तर उत्कृष्टतर्फ अघि बढिरहेको उल्लेख गर्दै खेलकुदले जीवन कौशल विकासमा ठूलो योगदान पुऱ्याउने बताए ।

रिसनको आयोजना रहेको २ दिवसीय प्रतियोगितामा साँस्कृतिक नृत्य, एथलेटिक्स, भलिबल र ब्याडमिन्टनलगायतका विभिन्न खेल विधाहरूमा रिसनमा आबद्ध कुल ९ वटा विद्यालयले प्रतिस्पर्धा गरेका थिए ।

# एचआइभी परीक्षणसम्बन्धी तालिम सुरु




बुटवल । आप्रवासी तथा उनीहरूको दम्पतिका लागि सञ्चालित एचआइभी रोकथाम कार्यक्रमअन्तर्गत आउटरिज वर्कर र कम्युनिटी वर्करका लागि तीन दिने समुदायको नेतृत्वमा एचआइभी परीक्षण तालिम बुटवलमा सुरु भएको छ ।

नागार्जुन डेभलपमेन्ट कम्युनिटी(एनडीसि) को आयोजना तथा ग्लोबल फण्ड तथा यूएनडीपी नेपालको सहकार्यमा आयोजित तालिम एक समारोहका बिच सोमबार उद्घाटन गरिएको हो ।

तालिमको उद्घाटन समारोहलाई सम्बोधन गर्दै प्रदेश जनस्वास्थ्य प्रयोगशाला बुटवलका प्रमुख राजेशकुमार गुप्ताले समुदायस्तरमा र समुदायको नेतृत्वमा एचआइभी परीक्षण कार्यक्रमले एचआइभी रोकथाममा प्रमुख भूमिका खेल्ने भएकोले यो कार्यक्रम अत्यन्त उत्कृष्ट भएको बताए । कार्यक्रमका प्रमुख अतिथि समेत रहेका उनले आगामी दिनमा जनस्वास्थ्य प्रयोगशालाले के कस्तो सहयोग गर्न सक्छ त्यसमा आफुहरु तयार रहेको प्रतिबद्धता व्यक्त गरे ।

स्वास्थ्य कार्यालय रुपन्देहीका प्रमुख उमा थापाले नेपाल सरकारले २०३० सम्ममा एचआइभीलाई शून्यमा झार्ने अभियानलाई सबैले साथ दिनुपर्ने बताउँदै जिल्ला स्वास्थ्यबाट हुनसक्ने सम्पूर्ण सहयोग गर्दै आएको र आगामी दिनमा पनि गर्ने प्रतिबद्धता व्यक्त गरिन् ।

उद्घाटन समारोहमा एनडीसीका कार्यकारी निर्देशक जगदीशचन्द्र भट्टले एनडीसीले लुम्बिनी प्रदेशका तराईका छ जिल्लामा प्रवासी कामदार र उनीहरूका दम्पतिका लागि एचआइभी रोकथामको कार्यक्रम लामो समयदेखि गर्दै आएको र आगामी दिनमा लुम्बिनी प्रदेशमा थप कार्यक्रम गरिने उल्लेख गरे ।

जनस्वास्थ्य प्रयोगशाला लुम्बिनी प्रदेशका मेडिकल ल्याब टेक्नोलोजीष्ट सिवेन्द्रसिंह चौधरी र वरिष्ठ मेडिकल निरीक्षक जीवलाल भुसालले कार्यपत्र प्रस्तुत गरेका थिए । मंसिर २५ गतेसम्म सञ्चालन हुने उक्त तालिममा लुम्बिनी प्रदेशका जिल्लाहरुमा सम्बन्धित क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीहरुको सहभागिता रहेको छ ।

# मदिरा व्यवसायी संघ रूपन्देहीको अध्यक्षमा बाबुराम ज्ञवाली निर्वाचित



बुटवल । मदिरा व्यवसायी संघ रुपन्देहीको १७औं वार्षिक साधारणसभा तथा नवौं अधिवेशन सोमबार बुटवलमा सम्पन्न भएको छ ।

नवौ अधिवेशनबाट बाबुराम ज्ञवालीको अध्यक्षतामा १५ सदस्यीय नयाँ नेतृत्व सर्वसम्मतरुपमा चयन भएको छ । जसको प्रथम उपाध्यक्षमा बाबुलाल खनाल, द्वितीय उपाध्यक्ष धनबहादुर थापा, महासचिवमा जीवन पाण्डे, सचिवमा बिमल पाण्डे, कोषाध्यक्ष गिरीराज भुसाल(गुराँस) चयन भएका छन् ।

त्यस्तैगरी कार्यसमिति सदस्यहरुमा विष्णुप्रसाद खरेल, रेमलाल पाण्डे, सुवासचन्द्र कर्माचार्य, सुमन न्यौपाने, खिमानन्द भण्डारी, ठाकुरप्रसाद शर्मा(राजु), द्रोण घर्ती, झविन्द्र क्षेत्री(रोजनी) र श्याम श्रेष्ठ निर्विरोध निर्वाचित भएको प्रमुख निर्वाचन अधिकृत अधिवक्ता अर्जुन कार्कीले बताए ।

मदिरा व्यवसायी महासंघका केन्द्रीय अध्यक्ष तथा प्रमुख आतिथि सोनाम सेर्पाले मदिरा व्यवसायीहरुले सधैं राज्यका नियमहरुको पालना गर्दै आएको र यसबाट व्यवसायीहरुले कर समेत तिरेको बताउँदै व्यवसायीको हितमा ध्यान दिन आग्रह गरे ।

कार्यक्रममा मदिरा व्यवसायी महासंघका केन्द्रीय सल्लाहकार तारानाथ ढुंगाना, महासंघका केन्द्रीय महासचिव गोविन्द बराल, केन्द्रीय सदस्य दिनेश श्रेष्ठ, आन्तरिक राजस्व कार्यालय बुटवलका कर अधिकृत चिरञ्जीवी बस्याल, राजस्व अनुसन्धान कार्यालय बुटवलका अधिकृत राधेश्याम दाहाल, मदिरा व्यवसायी संघ रुपन्देहीका पूर्व अध्यक्ष तथा सल्लाहकार खिमबहादुर खत्रीले मन्तव्य राखेका थिए ।

त्यस्तैगरी बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीका अध्यक्ष हरिप्रसाद अर्याल, होटल तथा रेष्टुरेण्ट व्यवसायी महासंघ रुपन्देहीका अध्यक्ष मानव खनाल, रुपन्देही व्यापार संघका वरिष्ठ उपाध्यक्ष दया भण्डारीलगायतले मन्तव्य राख्दै मदिरा व्यवसायीको हकहितको लागि सबैको साथ र सहयोग आवश्यक रहेको बताए ।

कार्यक्रममा संघका रुपन्देही अध्यक्ष हिमालय भुसालले आफ्नो कार्यकालमा सहयोग गर्ने संघमा आबद्ध पदाधिकारी तथा सिङ्गो टिम, शुभेच्छुकलगायत सबै महानुभावहरुप्रति हार्दिक आभार तथा धन्यवाद व्यक्त गरेका छन् । कार्यक्रममा महासचिव बाबुलाल खनालले महासचिवको वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए ।

रुपन्देही जिल्लाभित्र मदिराको कारोबार गरी बसेका व्यवसायीहरुलाई संस्थागत रुपमा एकजुट गराई व्यवसायिक हकहित, सुरक्षा, कर्तव्य पालना गराउने र आपसी भाइचाराको सम्बन्ध कायम गर्दै व्यवसायीका समस्याहरुलाई संस्थागतरुपमा समाधान गर्ने उद्देश्य राखेर २०६५ सालमा स्थापना मदिरा व्यवसायी संघ रुपन्देहीको स्थापना गरिएको थियो । व्यवसायसँगै रुपन्देहीमा विभिन्न सामाजिक कार्य गर्दै आएको छ । संघमा करिब २ सय ५० जना व्यवसायी सदस्यहरु आबद्ध रहेका छन् । कार्यक्रममा मदिरा व्यवसायी संघ रुपन्देहीका प्रथम उपाध्यक्ष बाबुराम ज्ञवालीको स्वागत मन्तव्यमा महासचिव बाबुलाल खनालले कार्यक्रम सञ्चालन गरेका थिए ।

# देवदह प्रेस क्लबको वार्षिक साधारणसभा

देवदह । नयाँ नेतृत्व चयन गर्दै देवदह प्रेस क्लबको चौथो वार्षिक साधारण तथा दोश्रो अधिवेशन सम्पन्न भएको छ । दोश्रौ अधिवेशनले पुनः विष्णुप्रसाद पोखरेलको अध्यक्षतामा ११ सदस्यीय नेतृत्व चयन गरेको छ ।

जसको खुल्ला उपाध्यक्षमा त्रिलोचन दहाल, समावेसी उपाध्यक्षमा कमला अर्याल, महासचिवमा निर्मल थापा, खुल्ला सचिवमा ध्रुव लामिछाने, समावेशी सचिवमा मीन राना, कोषाध्यक्षमा केशवराज शर्मा पराजुली रहेका छन् ।

समितिको सदस्यहरुमा पार्वती न्यौपाने, देवी पौडेल, सुरज भट्टराई, नविन लुइँटेल रहनु भएको छ । अधिवेशनले पूर्णप्रसाद पौडेलको संयोजकत्वमा ३ सदस्यीय लेखा समिति गठन गरेको छ । जसको सदस्यहरुमा शिव काफ्ले, झमन थापा रहेएको निर्वाचिन मण्डलका संयोजक भिमप्रसाद गुरुङले जानकारी दिए ।

यसैगरी अधिवेशनले विभिन्न विभागीय समिति समेत गठन गरेको छ । रामबहादुर गुरुङको संयोकजत्वमा अनुशासन, झविन्द्रप्रसाद देवकोटाको संयोजकत्वमा नीति तथा परामर्श, टकबहादुर सुनारको संयोजकत्वमा श्रमता विकास र निश्चल अर्यालको संयोजकत्वमा अतिरिक्त समिति गठन गरेको छ ।

अधिवेशनको उद्घाटन गर्दै देवदह नगरपालिका प्रमुख ध्रुप्रसाद खरेलले देवदहको विकासमा सञ्चारकर्मीहरुको महत्वपूर्ण भूमिका हुने बताए । उनले सञ्चारकर्मीहरुले निष्पक्ष र सत्यतथ्यमा आधारित रहेर समाचार सम्प्रेशण गर्नुपर्ने बताउँदै बेला बेलामा जनप्रतिनिधहरुलाई सकारात्मक सुझाव दिनु पर्नेमा जोड दिए ।

उनले पत्रकारिता पेशालाई व्यवसायिक बनाउनु पर्ने बताउँदै सञ्चारकर्मीहरुलाई सहयोग गर्न नगरपालिका तयार रहेको बताए ।

देवदह प्रेस क्लबका अध्यक्ष विष्णुप्रसाद पोखरेलको अध्यक्षतामा भएको कार्यक्रममा उपप्रमुख विद्यालक्ष्मी गुरुङ, नगर प्रवक्ता गणेश डुम्रेलगायतले आ-आफ्ना भनाइ राखेका थिए ।

उपाध्यक्ष कमला अर्यालको स्वागत र सचिव निर्मल थापाको सञ्चानलनमा कार्यक्रम सम्पन्न भएको थियो ।


## तिलोत्तमा नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
कुञ्जलापुर, मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

## बोलपत्र पत्र स्वीकृत गर्ने आशयको सूचना ।

मितिः२०८२/०८/२३

यस तिलोत्तमा नगरपालिकाको चालु आ.व. २०८२/८३ को स्वीकृत कार्यक्रम अनुसार यस कार्यालयबाट तपशिलको कार्य गर्नको लागि विभिन्न मिति २०८२-०६-३१ मा प्रकाशित विद्युतीय बोलपत्र/दरभाउ पत्र आह्वानको सूचना अनुसार निम्न कार्यको लागि पेश भएका बोलपत्र /दरभाउ पत्र मध्येबाट यस कार्यालयको मूल्याङ्कन समितिको विभिन्न मितिमा बसेको बैठकको निर्णय अनुसार न्युनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएको तपशिलको बोलपत्र/दरभाउ पत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) प्रयोजनार्थ यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल

| सि.नं | ठेक्का नं. | छनौट भएको बोलपत्रदाताको नाम ठेगाना | कार्यको विवरण र स्थान | कबोल रकम रु. |
|---|---|---|---|---|
| १ | NCB/TM/W/०७/२०८२/२०८३ | आर.ए. कन्स्ट्रक्सन, तिलोत्तमा ७ | पुरानो एन.एम.वि. बैंकदेखि पूर्व होराइजन पथ हुदै जाने सडक स्तरउन्नती-१ | ६३०००१.०० |
| २ | NCB/TM/W/०८/२०८२/२०८३ | प्रिमियम कन्ट्रक्सन एण्ड सप्लायर्स, काठमाण्डौ १४ | देवी पथ देखि वडा नं ४ को सीमानासम्म १६ तपाहा पश्चिम सडक निर्माण-३ | ६७२०३७२.०० |
| ३ | NCB/TM/W/०९/२०८२/२०८३ | एन. एस. ईन्जिनियरीङ एण्ड सप्लायर्स, काठमाण्डौ | सिमानगर चोकदेखि खानेपानी टंकी हुँदै श्रृगेश्वर धाम जोड्ने सडक स्तरउन्नती-४ | ६२०२७५९.६८ |
| ४ | NCB/TM/W/१०/२०८२/२०८३ | एभरग्रिन ड्रिलिङ्ग एण्ड कन्सट्रक्सन प्राइभेट लिमिटैड, बुटवल उप महानगरपालिका-१३, बेलबास, रुपन्देही | संगम मार्ग स्तरउन्नती-६ | ६२२८६८४.०० |
| ५ | NCB/TM/W/११/२०८२/२०८३ | शुस्मा एन्ड सरोज कन्ट्रक्सन प्रा.ली., मध्यपुर ठिमी | सेमराडाँडा केशव ढकालको घरदेखि उत्तर जाने बाटो कालोपत्रे-७ | ६९०००२०.२ |
| ६ | NCB/TM/W/१२/२०८२/२०८३ | एभरग्रिन ड्रिलिङ्ग एण्ड कन्सट्रक्सन प्राइभेट लिमिटैड, बुटवल उपमहानगरपालिका-१३, बेलबास, रुपन्देही | तुल्सीपुर टोल अन्तर्गत झुमाडाडा सडक-९ | ६१४७३६४.८८ |
| ७ | NCB/TM/W/१३/२०८२/२०८३ | आर.ए. चित्र कन्ट्रक्सन, मध्यपुर थिमी | गाईघाटदेखि मन्द्राहनी जोड्ने सडक स्तरउन्नती-११ | ६६००००.०० |
| ८ | NCB/TM/W/१४/२०८२/२०८३ | अमृत कन्ट्रक्सन, रुपन्देही | घ्यू फ्याक्ट्रीदेखि रामपुर जाने बाटो कालोपत्रे-१६ | ६५६३२७५.०० |



## Baganaskali Rural Municipality
## Office of Rural Executive
Chirtungdhara, Palpa

## Invitation for Online Bids

**Date of publication: 2082/08/23 (Dec,09,2025)**

Baganaskali Rural Municipality Office, Chirtungdhara Palpa invites electronic bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egpfor following work under NCB/ Sealed Quotation system. All other information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp

Information to deposit the cost of bidding document in Bank:

Name of the Bank: Nepal Bank Ltd., Palpa

Name of the Office: Baganaskali Rural Municipality Office, Chirtungdhara, Palpa

**Bank details for Bid Document (If Cash deposit) : Nepal Bank, Limited Palpa,**

Antarik Rajaswa Account No.: 01703000001001000001

**Bank details for Bid security ( If Cash deposit) :Nepal Bank, Limited Palpa, `**

Dharauti Khata A/C no.01703000003000000001

| Contract No. | Name of Project | Estimated Amount With (VAT & PS) | Price of Bid Document, NRs. | Bid Security Amount, NRs. | Date of Bid Opening |
|---|---|---|---|---|---|
| BRM/PLP/SQ/ WORKS-06/082-083 | Bagaicha Chapkhola Alaiche Ramche Motorbato Staronnati Yojana | 1739759.17 | 1000 | 36000 | 2082/09/24 (Dec 24,2025) at 1.00 Pm |
| BRM/PLP/SQ/ WORKS-12/082-083 | Bayalapaani khanepaani tanki nirman | 499858.59 | 1000 | 11000 | 2082/09/24 (Dec 24,2025) at 1.00 Pm |
| BRM/PLP/SQ/ WORKS-13/082-083 | Fuktung Katahar and Sundhara bato dhalan | 863070.16 | 1000 | 22000 | 2082/09/24 (Dec 24,2025) at 1.00 Pm |
| BRM/PLP/NCB/ WORKS-06/082-083 | Kaligandaki Baganaskali Brihat Pumpimg Khannepani Tath Sarsafai Ayojana | 6798243.47 | 3000 | 170000 | 2082/09/24 (Jan 08,2026) at 1.00 Pm |

**Baganaskali Rural Municipality**


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com